# *हंस* उपन्यासमा पर्यावरण चेतना

दीपकप्रसाद ढकाल (उपप्रा.) , Deepakprasad Dhakal, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।
Email: deepakdhakal973@gmail.com

**सार**

प्रस्तुत लेख उपन्यासकार जीव उप्रेतीको हंस उपन्यासमा गहन पर्यावरण चेतना अध्ययनमा केन्द्रित छ । गहन पर्यावरणसम्बन्धी दृष्टिकोणमा पृथ्वीको सतहमा रहेका हरेक जैविक तथा अजैविक प्रणालीका बीच पारस्परिक निर्भरता खोजिन्छ । मानवीय क्रियाकलाप अन्त्यहीन शक्तिमा आधारित छ र उसले जस्तासुकै गतिविधि पनि आफ्नो बल एवम् चातुर्यमा गर्न सक्छ एकक्षीय सोचको प्रतिवाद यसमा गरिन्छ । मानव जैविक तथा अजैविक चक्रीय प्रणालीमा बद्ध अस्तित्वमात्र हो । त्यसैले ऊ पर्याचक्रको अधीनमा रहेको जैविक अस्तित्वबाहेक केही होइन भन्ने कोणबाट यस उपन्यासमा गहन पर्यावाराण चेतना अध्ययन गरिएको छ । यस लेखको शोध क्षेत्र र समस्या सोद्देश्य रूपले चयन गरिएको हो । पुस्तकालयबाट प्राप्त सामग्रीलाई यस लेखमा प्रयोग गरिएको छ । शोध क्षेत्रमा प्राप्त समस्याको पहिचान पूर्वकार्यमा भएका अध्ययन र तिनमा रहेका रिक्तताबाट गरिएको हो । हंस मानव र मानवेतर जैविक तथा अजैविक अस्तित्वको पारस्परिकतामा आधारित उपन्यास हो । मानवले आफ्नो अनुभव र विश्वासअनुसार समाज निर्माण गर्छ । समाजमा भाषाको माध्यमद्वारा खास साझा बुझाइ वा सङ्कथन तयार गर्छ । यस क्रममा वरिपरिको पर्याचक्रमाथि मेरो अनियन्त्रित र सहजात अधिकार छ भन्ने एकपक्षीय सोच विकास गर्छ । पर्याचक्रमा मानवेतर जैविक तथा अजैविक अस्तित्व पनि छन् । ती अस्तित्वको अनुपस्थितिमा मानवले जैविक आकार र खाद्यस्रोतसमेत प्राप्त गर्न सक्तैन तर यस कोणबाट मानवले सोच्न सकेको छैन । यसका विपरीत मानवेतर जैविक अस्तित्वले मानवको आलोचनात्मक मूल्याङ्कन गरेका हुन्छन् । मानवका अतिक्रमित व्यवहार र त्यसले पारेका समस्यामा आफूलाई खोजेका हुन्छन् । यस्तो मानवेतर भाषाभन्दा फरक प्रकारले गरिएको बोधको पृथक् संसार झन संवेदनशील छ । यसलाई सम्मान गरेर नै मानवको जैविक प्रणाली निरन्तर हुन सम्भव छ भन्ने निष्कर्ष यस लेखबाट प्राप्त हुन्छ । लेखमा विश्लेषणका क्रममा गहन पर्यावरण चेतनासम्बन्धी मान्यता आरम्भमा प्रस्तुत गरी त्यसका सूचकका आधारमा उपन्यासका सन्दर्भ अंशसँग विश्लेषणात्मक सम्बन्ध प्रस्तुत गरी विमर्श गरिएको छ । यसरी विमर्श गर्दा मानवीय पर्यावरण, मानवेतर पर्यावरण र दुवै पक्षमा विकसित भएको आदर्श सत्ता (अदृश्य शक्ति) को कथानक स्थिति विश्लेषण गरिएको छ ।

*शब्दकुञ्जी* : अजैविक चक्र, अभिमिश्रित प्रजाति, पर्याचक्र, पर्यावरणीय सन्तुलन, जैविक चक्र

**लेखसम्बन्धी विवरण** : लेख प्राप्त मिति : २०८१/०२/२२, लेख पुनरावलोकन मिति : २०८१/०७/१५, लेख स्वीकृत मिति : २०८१/०९//१०
**प्रकाशक** : महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर । DOI : https://doi.org/10.3126/medha.v7i1.70148
Homepage : https://www.nepjol.info/index.php/medha/index/current

## विषयप्रवेश

*हंस* (२०७६) उपन्यास पर्यावरणका विविधतामा केन्द्रित आख्यान हो । पर्यावरण जैविक तथा अजैविकका विभिन्न जाति एवम् प्रजातिको समष्टि रूप हो । मानव त्यसको एक जाति हो भने यसका विभिन्न प्रजाति हाल पृथ्वीमा छन् । त्यसैगरी मानवेतर जैविक जाति र तिनका प्रजातिका विविधताले पृथ्वीको फरक जैविक चक्र एवम् अन्तरनिर्भरता विकास भएको छ । यसै विषयमा केन्द्रित *हंस* उपन्यास नेपाली उपन्यास विधामा पृथक् विषयवस्तुको उदाहरण बनेको छ । सञ्जीव उप्रेती पेसाले प्राध्यापन क्षेत्रका प्रतिभा हुन् तर उनका आख्यान एवम् गैर आख्यानका कृतिले नेपाली वाङ्मयमा विशिष्ट स्थान प्राप्त गरेका छन् । हालसम्म यिनका मकैको अर्कै खेती नाटक, घनचक्कर (२०६३) उपन्यास र सिद्धान्तका कुरा (२०६८) समालोचना प्रकाशित छन् । अफ्ना कृतिमा समाजका विविध आयाम तथा त्यस्ता आयाममा मानिसले बाँच्ने सिलसिलामा भोगेको अनुभूतिका पृथक्तालाई नवीन शिल्प तथा प्रस्तुतिशैलीको प्रयोग गर्ने यिनको प्रवृत्ति स्थापित

देखिन्छ । विवेच्य *हंस* उपन्यास पनि मानव एक जीव हो भने अन्य जीवका नजरमा मानव कस्तो हुन्छ । मानवले आफ्ना आदिमता र पुरातन आस्थाबाट जीवनका आगतप्रति भरोसा गरे जस्तै मानवेतर प्राणीका संज्ञान तथा प्रेरणा कस्ता हुन्छन् । बदलिएका पर्यावरण तथा परिवेशअनुसार मानवका विचरण एवम् मानवेतर प्राणीका विचरणका कस्ता स्वभाव हुन्छन् । जस्ता विषयलाई स्वैरकाल्पनिक तथा पूर्वदीप्ति शैलीले प्रस्तुत गरी पृथक् सङ्कथनात्मक ढाँचा तयार गरिएको उपन्यास हो । यस उपन्यासलाई कृति परिचय, नेपाली साहित्यमा पर्यावरणीय सृजना आदि कोणबाट अध्ययन गरिएको छ तर जैविक तथा अजैविक चक्रीय अस्तित्व एवम् तिनका बीचको पारस्परिकता सम्बन्धमा अध्ययन भएको छैन । अध्ययनको यही रिक्ततामा केन्द्रित गरी प्रस्तुत लेख तयार गरिएको हो ।

## अध्ययनको विधि

प्रस्तुत लेखको शीर्षक सोद्देश्य रूपले चयन गरिएको हो । यस लेखको शोध क्षेत्र र समस्या दुवै कृतिमा उठान गरिएको विषयवस्तु तथा त्यसको सघनतामा केन्द्रित भएर तय गरिएको हो । अध्ययनका निम्ति सामग्रीको स्रोत पुस्तकालय हो । पुस्तकालयबाट प्राप्त *हंस* उपन्यास अध्ययनको प्राथमिक सामग्री हो । त्यसैगरी पर्यावरण, पर्यावरण चेतना र कृतिमा पर्यावरण चेतना विश्लेषणको आधार सम्बद्ध सैद्धान्तिक अध्ययन यस लेखका द्वितीयक सामग्री हुन् । प्रस्तुत लेख गुणात्मक अध्ययन विधिको प्रयोग गरी तयार गरिएको छ । कृतिको विषयसन्दर्भ र त्यसको सघनता पहिचान गरी विश्लेषणको ढाँचाअनुरूप प्रस्तुत गरिएकाले यस अध्ययनमा गुणात्मक पद्धतिको प्रयोग भएको हो । विश्लेषण गरी सत्यापनका तहमा पुग्दा अध्ययन आगमनात्मक बनेको छ । कृतिका सन्दर्भ साक्ष्य तथा तिनका अधिकताबाट समग्रमा कृतिको मूल्य निरूपण गरिएकाले आगमनात्मक बनेको छ । प्रस्तुत अध्ययनमा विश्लेषणको ढाँचा निर्माणमा गोविन्दराज भट्टराई (२०६४) को उत्तरआधुनिक विमर्शमा सङ्गृहीत 'इकोक्रिटिसिजम : सिर्जना र समालोचनाको नवीनतम क्षेत्र' शीर्षक लेख, नेत्र एटम (२०७०) को अन्तर्विषयक नेपाली समालोचनामा सङ्गृहीत 'पर्यावरणीय समालोचनाको प्रायोगिक आधार' शीर्षक लेख र जनकलाल शर्मा (२०७७) को हाम्रो समाज : एक अध्ययनमा सङ्गृहीत 'प्रजातिवादको सन्दर्भमा नेपाली समाज' शीर्षक लेखका सैद्धान्तिक सन्दर्भलाई मुख्य आधार बनाइएको छ ।

पर्यावरण प्रकृतिको सहजात चक्र हो । प्रकृतिले विलोप र चयनको चक्र सृजना गरेर जैविक अस्तित्व तथा तिनको सत्तागत निरन्तरताको क्रम गतिशील बनाएको हुन्छ । मनुष्य प्रकृतिकै अंश (जीव) भएकाले उसको पृथक् सत्ता र संसार हुन्न । प्रकृति र मानवका बीचको अन्तरसम्बन्धलाई विभिन्न युगीन सन्दर्भ अनुकूल व्याख्या गरिन्छ । रिग्वे (सन् २००७) मा प्रकृति र मानवका बीचको अन्तरनिर्भरता युगीन परिवर्तनको सापेक्ष भएको विचार यस प्रकार पाइन्छ :

> प्रकृति र संस्कृतिका बीचको सम्बन्ध एकतर्फी मात्र हुन्न । पाठमा प्रस्तुत गरिएका शब्द तथा बिम्बले प्रकृतिका विषयमा खास विचार प्रस्तुत गरेका हुन्छन् । त्यसैगरी प्रकृति, मानवीयता र दैवीशक्तिका बीचको अन्तरसम्बन्धको पनि व्याख्या गरिएको हुन्छ । यसलाई मध्य कालीन अवधिमा प्रचलित अभ्यास र दृष्टिकोणका रूपमा पनि लिइन्छ । यसले केही जटिल र पृथक् दृष्टिकोणबाट हालसम्म पनि निरन्तरता पाएको देखिन्छ । (पृ.१५१–१७८)

प्रकृति र मानवका बीचमा भएको दोहनमा केन्द्रित व्यवहारमा नै व्याख्याका सन्दर्भ आधारित हुने हो । विगतमा प्रकृति दैवी र अदृश्य शक्तिको स्रोत भएकाले मानव आफ्नो अस्तित्वका निम्ति प्रकृतिपूजक बनेको हो । यसैलाई फरक ढङ्गले आज पनि गहन पर्यावरणीय चिन्तनमा प्रवेश गराइएको देखिन्छ किनभने आज मानव आफ्नो अस्तित्वका निम्ति पर्यावरणीय चक्रका विविधताको अस्तित्व पनि स्वीकार्दै छ । दैवीशक्तिभन्दा पृथक् तथा ऊर्जा प्रणालीको विविधताका रूपमा लिएको मात्र हो ।

मानिसले अफूजस्तै अन्य मानिससँगका निटकता र पारस्परिकता विकास गर्नका निम्ति मानवीय पर्यावरण सृजना गरेको हुन्छ । त्यसैले पर्यावरणीय चासो र अध्ययनका दुई शाखा (मानव निर्मित पर्यावरण र मानवेतर पर्यावरण) विकास भएको देखिन्छ । मानव निर्मित पर्यावरण मानवका जाति र प्रजातिको समष्टि हो । जात कुनै सामाजिक विभेदका निम्ति हाल प्रचलित वर्ग वा श्रमसम्बन्धमा जोडिएको समूह नभई खास जैविक शरीरसंरचना भएकाहरूको आरम्भिक

बनोट हो । यस्तो आरम्भिक विभाग कालन्तरमा शरीरको आकार, छालाको रङ, उपलब्ध खाद्य स्रोत तथा त्यसले सृजना गरेको जैविक रसायन प्रणाली र त्यस्तो प्रणालीले संवेगका तहमा पारेको प्रभावको बाह्य परिणाम नै प्रजाति हो । "पशुजस्तै मनुष्य पनि प्राणीको एउटा विभाग हो । जसरी ती पशुमा शरीररचनाका दृष्टिले अनेक प्रकारका पशु देखिन्छन्, त्यसै प्रकार मनुष्यमा पनि शरीररचनाका दृष्टिले अनेक प्रकारका मनुष्य दृष्टिगोचर हुन्छन्" (शर्मा, २०७७, पृ.८२) । मनुष्यका खास जातिलाई प्रजातिगत भेदमा विकास गर्न, त्यस्ता प्रजातिगत विशिष्टता भएकाले परस्परमा संसर्ग गरी अभिमिश्रित प्रजाति विकास गर्न र यसका निरन्तर क्रम सृजना गर्नमा प्रर्यावरणको विशिष्ट योगदान रहेको हुन्छ । मानिस पर्यावरणका अनन्त जैविक जाति तथा तिनका प्रजातिक्रमजस्तै एक अंश हो । यसको विशिष्ट एवम् पर्यावरणइतर कुनै सत्ता हुन्न ।

> मानवेतर वातावरण भनेको एक प्रकारको सीमाना (फ्रेमिङ) मात्र होइन तर यो एउटा यस्तो उपस्थिति हो जसले बताउँछ–प्रकृतिको इतिहासभित्रै मानवइतिहास अन्तर्निहित वा निर्मित छ । मानवको इच्छामात्र अन्तिम र वैध इच्छा हो भन्ने ठान्नु हुँदैन (अरुका पनि इच्छा छन्) । वातावरणप्रति मानसिको उत्तरदायित्व भन्नु नै उसका कृतिभित्र आउनु पर्ने नैतिक उत्तरदायित्वबोध हो, अनि वातावरण भनेको मानिसलाई प्रदत्त कुनै वस्तु नभएर एउटा परिवर्तनशील, ज्यादै कमजोर सधैं संरक्षण खोज्ने प्रक्रिया (अस्तित्व) हो । (भट्टराई, २०६४, पृ.२०५)

पार्याचक्रमा अस्तित्वमा रहेका कुनै पनि जैविक तथा अजैविक प्रणाली तिनका स्वायत्त उपस्थिति होइनन् बरु निर्भरताका परिणाम हुन् । गहन पर्यावरणीय चिन्तन मानव पनि पर्याचक्रकै अंश हो र उसँग कुनै विशेष अधिकार वा हस्तक्षेपको विशिष्ट हक हुन्न भन्ने चिन्तन हो ।

> पृथ्वीमा जन्मेहुर्केका मानवेतर प्राणीको आफ्नै मूल्य एवम् भूमिका हुन्छ र मान्छेको उपयोगका आधारमा नभई तिनको स्वतन्त्र अस्तित्व रहन्छ । जैविक विविधता र पर्याप्तताले तिनको खास स्वायत्त मूल्य छ भन्ने अनुभूति गराउँछ । मान्छेलाई जीवन निर्वाहका लागि बाहेक यो विविधता र पर्याप्ततालाई नियन्त्रण गर्ने कुनै अधिकार छैन । ...मान्छेले मानवेतर जगत्प्रति गरिरहेको हस्तक्षेप अहिले असहनीय देखिन्छ र यो अझै चिन्ताजनक अवस्थामा पुग्दै छ । (एटम, २०७०, पृ.१७९)

पर्यावराण चक्रमा अस्तित्वमा रहेका हरेक जैविक जाति तथा तिनका प्रजातिको स्वतन्त्रता र निश्चित सीमासम्म निर्वाहमुखी आबद्धता नै पर्यावरणीय सन्तुलन हो । पर्यावरणवाद यसैमा विकसित चिन्तन हो । "मानवीय क्रियाकलापले पर्यावरण र प्रकृतिमाथि परेको अत्याचारका कारण उत्पन्न भएको सङ्कटको अध्ययन गर्ने नवीन चिन्तन विशेष नै पर्यावरणवाद हो" (पोखरेल, २०७५/७६, पृ.८४) । अर्थात् परोक्ष रूपले मानव आफ्नो सीमाभित्र रहेर मात्र क्रियाकलाप गर्न सक्छ अन्यथा जैविक चक्रप्रणालीको प्रतिकूलताले उसको अस्तित्व नै सङ्कटमा पर्न सक्छ भन्ने विचार छ । आफ्नै अन्त्यको चक्रमा फस्ने गरी मानवले कुनै प्रकारका गतिविधि गर्नु हुन्न । एकातिर मानवसँग त्यस्तो कुनै पृथक् पर्यावरणीय सत्ता तयार गर्ने क्षमता छैन भने अर्कातिर जुन पारिस्थितिक प्रणाली उसले तयार गर्न सक्तैन विनाश गर्ने हक पनि उसलाई हुन्न भन्ने चिन्तन गहन पर्यावरणीय चेतनामा देखिन्छ ।

> भूमिमा मानिसको एकाधिकार समाप्त भई प्रत्येक सत्ताले आफ्नो स्थान पाउने अर्ने नेइसको विचार छ । मान्छेले आफ्नो आर्थिक विकास एकोहोरो गरिरहँदा प्रकृतिको अनुचित शोषण हुन पुगेको छ । त्यसैले मानिसको नीति, अर्थशास्त्र, कर्मप्रणाली आदि पक्षमा समेत परिवर्तन आवश्यक हुने मान्यता डिप इकोलोलीमा प्रस्तुत गरिएको छ । (त्रिपाठी, सन् २०१८, पृ.२८८)

मानवेतर प्राणी पनि मानवले जस्तै सञ्चारमा जोडिएका हुन्छन् फरक यति मात्र हो कि तिनले संवेग सञ्चार र निर्भरताका उपाय तथा प्रक्रिया फरक अपनाएका हुन्छन् । जीव तत्त्वले प्राप्त गरेको यस प्रकारको मानवेतर संवेग विनिमयको सत्ताबोध गर्नु मानवको परम जिम्मेवारी हो भने स्रष्टाले मानवको यही जिम्मेवारीलाई अलङ्कृत गर्ने उद्देश्य राख्नु पर्छ भन्ने मान्यता विकसित भएको छ । यही नै पर्याचक्रको सूक्ष्म अन्तर्निभरता हो भने मानवको निर्वाहमा आधारित पारस्परिकताबोध पनि हो ।

## विश्लेषण

*हंस* उपन्यास गहन पर्यावरण चेतनासम्बद्ध विषयवस्तुमा आधारित देखिन्छ । गहन पर्यावरणले मानव र मानवेतर जगत् तथा तिनका अनुभूति, जटिलता एवम् पारस्परिक अस्तित्वका आयामलाई समर्थन गर्छ । बह्य तहमा मानवेतर जगत्को कुनै पृथक् संवेगजन्य सत्ता हुन्न । त्यसैले मानव नै यिनका बारेमा निर्णय गर्ने अन्तिम आधार हो । मानवले सबैमाथि अधिशासक भएर निर्णय निर्माण तथा व्यवहार गर्ने हक प्राप्त गरेको छ भन्ने बुझाइ छ जुन गलत हो । मानवको स्वतन्त्र अस्तित्व सम्भव नभएपछि मानवले पनि सर्वाधिकार आफैंमा रहेको भन्ने भ्रमबाट मुक्त हुनुपर्छ भन्ने चिन्तन यसको केन्द्रीय पक्ष हो । यसै कोणबाट उपन्यासको विश्लेषण यसप्रकार गरिएको छ :

## मानव निर्मित पर्यावरण

*हंस* उपन्यास काठमाडौंदेखि अमेरिकको न्युयोर्क, साइबेरियाको अति ठण्डा हावपानी भएको काल्पनिक पर्यावरणीय दिक्देखि टौदहको गहिराइमा कल्पना गरिएको पृथक् भौतिक लोकमा आधारित देखिन्छ । यसमा पनि मनव निर्मित पर्यावरणमा टौदह, प्रज्ञाभवन कमलादी, नयाँबजार (बालाजु), अमेरिकको न्युयोर्क, समुद्री यात्रामा वर्णन गरिएका जलीय दिक् जोडिएर आएका छन् ।

*हंस* उपन्यासमा आएका मानवीय पात्र, तिनले उपन्यासको समाजमा अनुभव गरेका मानवीय विश्वास तथा रुढि, अर्थसामाजिक परिवेश, समाजमा गढेर बसेका पुरातन शोषणमूलक प्रचलन, समाजबोध तथा जीवनबोध नै यस उपन्यासको मानव निर्मित पर्यावरण हो । बुढी आमै, सेतै फुलेका बाजे (जीवजन्तुविज्ञ), पाले, प्रेम, अनुज (जार), सीमा (प्रेमकी प्रेमिका), सीमाको परिवारका सदस्यहरू, सीमकी आमा, माया, कुमाले, विजय, अनुजको बाबु, शेर सिंह, रवि मलहोत्रा, अशरफ, रामकुमार आदि पात्रले परस्परमा गरेका व्यवहार र जीवनबोध नै यस उपन्यासको मानव निर्मित पर्यावरण हो ।

मानव पर्यावरण चक्रका अन्य जीवकै समाहार र समकक्षमा अस्तित्व प्राप्त गरेको प्राणी हो । मानव अहिले अहङ्कार, उन्माद, प्रतिशोध, शोषण, हिंशा (शारीरिक, मानसिक र यौन) का विकृत स्वरूप सृजना गरेर बाँचेको छ । मानव शोषणमूलक सामन्ती विश्वास, विभेद र व्यभिचारका श्रृङ्खलाले बाँधिएका छन् र मुक्तिको उपाय खोजि गरिरहेछन् । त्यसैगरी मानव विकल्पको खोजीमा भौतारिएको छ र पश्चातापको मानसाग्निमा जलिरहेको छ । टौदहको किनारमा रहेको खाजा घर जीवनको उत्तरार्धमा पुगेकाको अखडा बनेको छ भने 'प्रेम' वियोगपूर्ण विगत र पश्चातको अनुभूति बोकेर प्रतिशोध बोकी पुगेको छ । "...सीमालाई सम्झैं, जारलाई सम्झैं, टौदहको यसै डिलमा टल्किएको जारको घाँटी सम्झैं । झोलामा बोकेको भोजपुरे खुकुरीको तीखो धार सम्झैं । जारको गर्धन छिनाएर टाउको दहमै पुर्याउने अठोट सम्झैं" (पृ.५) को स्मृतिबाट पूर्वदीप्तिमा प्रवेश गराई यस्तो जीवनबोध किन भएको छ । खुकुरीले हत्या गर्नै पर्ने तहको क्षती प्रेमको जीवनमा पुगेको हो वा प्रेममा अनावश्यक अहङ्कार मात्र विकास भएको हो भन्ने सन्दर्भ प्रस्तुत छ । प्रेम र यौन फरक विषय हुन् । प्रेम आदर्श र भव्यतामा अनुभव गरिने संवेग हो भने यौन यथार्थ र जैविक गुण हो । प्रेमको संज्ञा दिएर यौनका तहबाट स्त्रीलाई अधीनमा राख्ने शोषणमूलक समाजको सङ्केत यहाँ भएको छ । "जारले मेरी सीमाको शरीरलाई कसरी सुमसुम्यायो होला ।...उसका भूगोलका खोंचहरूमा कसरी लुटुपुटु भयो होला । सीमाले आनन्द उत्कर्षमा सित्कार गर्दा मेरो पुरुषत्वको उपहास गर्दै कसरी हास्यो होला" (पृ. ५) सन्दर्भ मानवमा विकास भएको व्यक्तिगत अहङ्कार र त्यसको पृष्ठापोषक बनेको छ । शारीरिक संसर्ग र त्यस निसृत व्यवहार (रतिक्रीडा) प्राकृतिक पक्ष हो तर यसमा प्रेमले व्यक्त गरको अधीनस्थताको मनोविज्ञान शोषणमूलक समाजको प्रतिबिम्ब हो ।

समाज यथार्थ र कल्पित आदर्शको समन्वयात्मक संस्था हो । रुढि र विश्वास कमजोर मनस्थितिको परिणाम हुन् । वर्गीय रूपले तल्लो र सुरक्षाको आधार प्राप्त नगरेको वर्गले सन्तोष मान्ने र विकल्प देख्ने भनेकै कल्पना तथा आदर्शमा हो । *हंस* उपन्यासको मानव निर्मित समाजमा पनि यस प्रकारका कल्पित आदर्शको सहारामा जीवन रुग्ण बन्दै गएको छ । मानव जीव भएकाले चक्रीय प्रणाली र त्यस्तो प्रणालीमा सम्बद्ध भएको अर्को प्रजाति (समाज व्यवस्थामा विविध नातामा गाँसिएका व्यक्ति) को सापेक्षित परिणाम भोक्ता हो । "आमा सानी हुँदा घरमै आएको ज्योतिषले उहाँका ससाना हत्केला

मुसार्दै भनेको रहेछ, तिम्रा रेखामा भक्तिनी हुने योग छ । तिमीले केही गर्नै पर्दैन भगवानमै मन लगाएर बसे हुन्छ । सबै उनैले मिलाउने छन्'' (पृ.४६) भनेर बाल मनस्थितिमा कमजोर तथा परनिर्भर एवम् आसे भाव उत्पन्न गराइएको छ । यसैको परिणामस्वरूप चार वटी छोरी छोराको आशमा जन्मिएका छन् भने शरीर संरचनामा पुग्न गएको क्षतीका कारण अन्त्यमा जन्मिएको छोरो गोज्याङ्ग्रो बन्न पुगेको छ । यथार्थ जीवन पीडादायी भएको भोगाइ नै हुँदा पनि आदर्श कल्पना ''सीमाकी आमालाई शिवपार्वतीमा धेरै आस्था,...हुन त शिवलिङ्गको दर्शन गर्न थालेको वर्षौं भइसकेको थियो तर मनको इच्छा पूरा गर्ने कुनै दैविक चमत्कार भएन'' (पृ.४५) बाट मुक्त हुन सकेको थिएन । ईश्वर र दैवी सत्ता समाजको न्याय स्थापनामा यर्थाथ अस्तित्व होइनन् । यो त शोषणका निम्ति रचिएको विकल्प हो । यसैको परिणामस्वरूप सीमाकी आमामाथि शोषण भएको छ भने लैङ्गिक विभेदको स्वरूप छोराको खोजीमा छोरीछोरी जन्माउन बाध्य भएकी छ र गरिबीले परिवार रुग्ण बनाएको छ ।

*हंस* उपन्यासको मानव निर्मित समाज भू–मण्डलीकरणमा प्रवेश गरेको अवस्थामा छ । तेस्रो विश्वका नागरिक पहाडी भू बनोट र जटिल जीवनचक्रको विकल्पमा समथर भूमि, सहज ओहोरदोहोर र यान्त्रिक परिवेशप्रतिको खिचाइमा छ । यस्तो खिचाइ नेपालबाट बहिरिएर 'राष्ट्र' भञ्जन भई 'परराष्ट' स्थापित हुने क्रममा छ । ''...तर बुझ्नुपर्ने कुरा के छ भने जति सजिलैसँग विश्वव्यापी प्रवाहहरू पश्चिम तथा छेऊछाऊका अन्य शक्तिशाली, अग्ला राजनीतिक/आर्थिक सतहबाट बगेर नेपालभित्र छिर्छन् त्यतिकै सजिलोसँग नेपालबाट 'उल्टा' प्रवाहलाई विश्वबजारमा पुग्न असम्भव नभए पनि गारो अवश्य हुन्छ'' (उप्रेती, २०७७८, पृ.१७०) को स्थितिमा नेपाल जस्ता विकासोन्मुख देश छन् । यसले मानव संसाधनमा दीर्घकालीन पुँजीवादी संस्कृति तथा त्यसको बिम्ब तयार गर्ने र जीवनशैलीको सरलाताको खोजीमा विश्वका विकसित देशमा पलायन हुने लहरलाई संस्थागत गरेको छ । ''मानिसहरू प्रवाहित भएर देशका सीमाहरू नाघी भू–मण्डलीकृत सहर (वा गाउँ) तिर लागिरहेछन् भन्ने कुरो सत्य हो तर प्रवाहको दिशालाई  विश्लेषण गर्दा के प्रस्ट हुन्छ भने विश्वव्यापी प्रवाहहरूमा ठूलो बेमेल छ'' (उप्रेती, २०७८, पृ.१७०) ले पनि मानव निर्मित पर्यावरण पुँजीवादी समाज तथा सहरतर्फ केन्द्रित भएको सन्दर्भलाई बल पुऱ्याएको छ । नेपालका युवा न्युयोर्कको ज्याक्सन हाइटका रेस्टुरेन्टमा विविध काममा संलग्न छन् । अनुज र सीमाको पहिलो भेट त्यहीँको रेस्टुरेन्टमा भएको छ । शेर सिंह, रवि मलहोत्रा र असरफ लखनऊबाट अमेरिका पुगेका छन् (पृ.६२) । भूमण्डलीकरणसँगै प्रवेश गरेका सम्पन्न जीवनका सङ्कथन, बिम्ब, चित्र, प्रतीक आदिको प्रभावस्वरूप छिट्टै सम्पन्न बन्ने सपना बोकेर पलायन छन् भने त्यहाँको मानव निर्मित पर्यावरणमा अनुकूलन हुन नसक्नुका पीडामा छटपटएका छन् । ''एक दिन उनले आफ्नो दर्द सुनाए पैसा कमाउन अफ्रिका पसेको तर यसरी बिहान बेलुका डेक्चीमा पन्यु चलउँदाचलाउँदै आफू जनाना भएको थाहै भएन । अफ्रिकाले त पूरै जनाना बनाइहाल्यो'' (पृ.६२) को अवस्थामा पुँजीवादी आकर्षणले पुऱ्याएको छ । यो अपश्चिमेलीले देखेको सपनाको मुलुक अमेरिका र त्यहाँ पुगेपछि भोगिएको यथार्थका बिचको अन्तर हो । नेपालबाट अमेरिका पुग्दा पनि मानव निर्मित समाज शोषण र उत्पीडनको दुष्चक्रमा फसेकै छ । राजदुत भएर अमेरिका पुगेका नेताले घरमा कामदारको श्रमशोषण्को नमुना प्रस्तुत गरेको छ । ''महिनाको चालिस डलर ? त्यो नेपाली हुनसम्म छक्क परेको थियो । अचम्म मान्दै भनेछ । तिमी त सारै ठगाइमा परेछौ त हौ दाजु ! दिनभरि काम गर्नेले त्योभन्दा बढी कमाउँछन् । आफ्नै मान्छेले त तिमीलाई उडुस बनेर चुस्या रहेछ'' (पृ.६४) को शोषण संस्थागत भएको छ । भूमण्डलीकरणका कारण सम्पन्न जीवनको बिम्ब दिमागमा बोकेर हिँड्न पनि बाध्य तर अपेक्षाकृत सरल तथा आत्मसम्मानजनक व्यवहार नभएकोमा विरक्तिको द्वैधता छ । त्यसैगरी समुद्री जहाजमा काम पाएका बखत युवतीको शरीर मालिस गर्नेदेखि हातगोडाका नङ काटिदिनेसम्मका जनशक्तिको उपहासका लागि गरिएका व्यवहार पनि मानव निर्मित समाजमा आएका छन् । आत्म सम्मान र स्वाभिमान देशैमा छोडेर परराष्ट्रमा भविष्य खोज्न दौडिनेका दशा आजको पुँजीवादी संस्कृतिको परिणाम हो ।

नारीलाई उसको जैविक जिम्मेवारीअनुसार सम्मानको साटो त्यसैलाई कमजोरी बनाएर शोषण गर्ने समाज पनि *हंस* उपन्यासमा देखिन्छ । नारी उत्पीडनमा परेका घटना मानव निर्मित समाजमा यत्रतत्र छन् । अबोध बालिका मायालाई चकलेटको प्रलोभनमा पारेर गरिएको यौन शोषण ''काकाले माया गर्दागर्दै नेप्टे आइपुग्यो । खट्याक्क ढोका खोलेको आबाजसँगै काका खाटबाट उफ्रिए । आत्तिदै ढोकाबाट बाहिरिए'' (पृ.१३३) मानव निर्मित पर्यावरणमा छ । जङ्गली जनावरमा हुनेजस्तो शक्तिको उन्माद र शोषणको स्वरूप यस उपन्यासका मानव निर्मित पर्यावरणमा अन्यत्र पनि छन् ।

प्रेमको बाल्यकाल पनि आमामाथि शोषण गरी बाबुले दिएको यातनाबाट गुज्रिएको थियो । मूर्ति बनाउने कुमालेसँग हासेको निहुँमा राती बाबुले आमालाई निर्घात कुटपिट गरेको "आमाको सुँक्कसुँक्क जारी थियो । बाँकी सबै चकमन्न । अचानक ढ्याम्म आबाज आयो । आमाले मरे आमा भन्दै आर्तनाद गर्नुभयो" (पृ.१३५) र उत्पीडनालाई संस्थागत गर्न उल्टै बाबुले "...एउटा कुरा बुझ्, मर्दले दारो हुनु पर्छ । नत्र सबैले हेप्छन् । तेरा हजुरबुबाका तीनोटी श्रीमती थिए । तीनोटैलाई तह लगाएर राख्नुभएको थियो" (पृ.१३६) को प्रतिक्रिया दिएको छ । नारीको शरीर भनेको पुरुषको निजी निर्णयको विषय बनेको अवस्था यस अंशमा प्रस्तुत भएको छ । जैविक तथा प्राकृतिक रूपले हरेक मानिसको शैशव कालीन चक्र समान हुन्छ तर समाजमा कसको अग्राधिकारमा शिशुको संरक्षण गरिएको हो भन्ने विषय प्रधान बनेको समाज यस उपन्यासमा आएको छ । कतै काकाद्वारा बलात्कृत हुन परेको, कतै लोग्नेको निर्घात कुटपिट सहनु परेको तथा लोग्नेले उल्टै बहादुरिताका रूपमा घटनालाई अथ्र्याएको प्रसङ्ग उपन्यसको समाजमा आएको छ । यसले पनि यस उपन्यासको मानव निर्मित पर्यावरण शोषण तथा उत्पीडनमा केन्द्रित एवम् संस्थागत रूप लिएको स्थितिमा आधारित रहेको पुष्टि गर्छ ।

समग्रमा मानव निर्मित पर्यावरण काल्पनिक आदर्श (भगवान/देवता) ले जकडिएको, पितृसत्तात्मक सोच तथा व्यवहारको संस्थागत निरन्तरता, भूमण्डलीकरणले सृजना गरेका शोषण एवम् आत्मसम्मानको क्षयीकरण, लैङ्गक विभेद र नारी उत्पीडनका काला दागले विकृत भएको अवस्था देखिन्छ ।

**मानवेतर पर्यावरण**

मानवेतर पर्यावरणका दृष्टिले *हंस* उपन्यास निकै सबल र सघन देखिन्छ । मानवभन्दा पृथक् जैविक तथा अजैविकको मानवीकरण प्रक्रियाबाट तिनका चरित्र प्रस्तुत भएका छन् भने मानवेतर प्राणीका जीवनचक्र तथा संवेगका विविधता पनि नाटकीकृत भएका छन् । लहडे हाँस, काली हँसिनी, काका बकुल्लो, बृद्ध हाँस, खोकनाको डोब्रे नाग, नागराज र नागरानी, टौदहमा विचरण गर्ने विविध प्रजातिका पक्षी (चिल, खोले धोबी, रूपी, भँगेरा), कीट आदि यस उपन्यासमा आएका मानवेतर पर्यावरणका आधार हुन् । यिनको पारस्परिकता तथा खाद्य स्रोतका रूपमा चक्रीय स्थान बारे गहिरो नाटकीकरण तथा मानवीकरणको योजनाले यस उपन्यासको मानवेतर पर्यावरण तयार भएको देखिन्छ । जसरी मानव निर्मित समाजमा यथार्थका सीमालाई काल्पनिक आदर्शले छोपेको देखिन्छ र तिनै काल्पनिकतामा आस्थावान भएर मनवले आफ्ना कष्टकर दैनिकीमा विकल्प देख्छन् । यस्तै किसिमको कमजोरी मानवेतर पर्यावरणमा पनि देखिन्छ ।

जसरी मानवले आफ्नै केन्द्रीयतमा पर्यावरणका अन्य जैविक र अजैविकप्रति अधीनस्थता तथा नियन्त्रणको मानसिकता राख्छ । यस्तो प्रकारको अज्ञानतामा मानिस छ । त्यस्तै बोध र जैविक अस्तित्व तथा उपस्थिति पनि *हंस* उपन्यासको मानवेतर पर्यावरणमा पाइन्छ । त्यसैले हाँसद्यौताको सृष्टिमा मान्छे पछिका हाँस हुन् अनि मात्र अरु हुन् । मान्छे हाँसका आत्मीय हुन् । हाँसद्यौताले नै हाँसका निम्ति खास जिम्मेवारी दिएर मानवलाई पठाएका हुन् भन्ने बुझाइ छ । मृत्यु शक्तिको रूपान्तण वा प्रकृतिमा संलयनको प्रक्रिया हो भन्ने नबुझेर जसरी मानवले देवलोकको आदर्शसँग सम्बद्ध गर्छ । त्यसैगरी हाँसहरू पनि हाँस द्यौताको प्रिय बनेको भ्रममा छन् । जबकि मानवले हाँस माथि गरेको दोहन (काटेर खानु) अन्तर्यको सत्य हो । "हाँसद्यौताको निम्तो मानेका हाम्रा दुई हाम्रा साथी अहिले त्यसै सीमसारमा रमाउँदै होलान् । चुच्चाले रसिला गड्यौला समात्दै होलान् । आकाशपारिको पोखरीमा पौडदै होलान् । ...मान्छेपछि हामी सृष्टिका सबैभन्दा क्वाँक प्राणी हौं" (पृ.१९) ले मानवेतर प्राणीका पनि आफ्नै लोक विश्वास रहेको तथा मृत्युलाई अदृश्य लोकमा गमन एवम् स्वर्गीय सुखानुभूतिको विषयसँग तुलना गरिएको छ । मान्छेका सझा विश्वास र निश्चित रुढि भए जस्तै मानवेतर प्राणी हाँसका पनि जीवन र मृत्यु बारे मौलिक एवम् पृथक् विश्वास रहेको प्रस्ट गर्छ । मान्छेले देवता बनाएर आफ्नै सत्ता र अस्तित्वको निरन्तरतालाई संस्थागत गरेको छ । देवता कस्तो हुन्छ र कुन स्वरूपमा त्यसका जैविक रचनाप्रणाली संरचित हुन्छन् भन्ने यथार्थ बारे कसैलाई ज्ञान छैन तर आदर्श परिकल्पनामा मान्छे बाँचेको छ । त्यसैगरी मानवेतर प्राणीमा पनि दैवी शक्ति तथा त्यसको परिकल्पना एवम् आस्थाको आदर्श देखिन्छ । "सबैभन्दा पहिले हाँस द्यौताले हाँसलाई बनाए अनि मान्छेलाई । त्यसैले त द्यौताको अनुहार हाँसकै जस्तो छ । ...उनी पनि त आकाश पारिको दहमा पौडने, त्यहाँको अलौकिक संसारमा विचरण गर्ने हाँस नै त हुन्" (पृ.२०) भनी प्राणी जगत्का जीवमा पनि तिनकै प्रकारका मौलिक एवम्

पृथक् आस्था छन्, जीवनदर्शन छन् र अदृश्य जगत्प्रतिको खिचाइ सम्बन्धी साझा विश्वास छन् भन्ने सन्दर्भ प्रस्तुत भएको छ । मानव प्रकृतिको सर्वशक्तिमान र अन्य प्राणी मानवका सहायक तथा गौंण हुन् र मानवले जसरी पनि आफ्नो रुचिअनुसार अधीनमा राख्न सक्छन् भन्ने बुझाइको विपठन यहाँ भएको छ । मानव पनि पर्याचक्रमा बाँधिएको र स्वतन्त्र एवम् निर्णायक सत्तामा नरहेको कुरा प्रस्ट पारिएको छ ।

मानवेतर प्राणी जगत् र मानवका बीचको पारस्परिक निर्भता सूक्ष्म हुन्छ । गहन पर्यावरण मनवको एकल अस्तित्व सम्भव छैन जबसम्म मानवेतर जैविकअजैविक जगत्को अस्तित्व रहन्न भन्ने मान्यता राख्छ । “पृथ्वीमा रहेका प्राणी पर्यावरणीय चक्र र त्यसको अभिरचनाका प्रतिफलन हुन् । कुनै पनि प्राणी पर्यावरणले अभिरचना गरेका वायु, तापमान, खाद्यस्रोत र वासस्थानजस्ता चक्रीय मानका परिणाम हुन्” (ढकाल, सन् २०२२, पृ.१०५) । मानिसले जीवन, जगत्, सृष्टि र मृत्युपर्यन्तका बारे आफ्ना आस्था एवम् सङ्कथन बनाए जस्तै प्राणीका पनि हुन्छन् । “हामीले जति उनीहरूलाई बुझ्छौं, त्योभन्दा बढी उनीहरूले हामीलाई बुझ्छन् किनकि उनीहरू शब्दलाई मात्र सुन्दैनन्, हाम्रो हिडाइ, बसाइ र हेराइलाई पनि मनन गर्छन्” (पृ.२५) का रूपमा मानवेतर प्राणीका कोणबाट मानव जीवन र मान्छेका क्रियाकलापको पनि सम्प्रेषण हुन्छ । त्यसको बोधन तथा आस्वदन सम्भव छ भन्ने धारणा प्रस्तुत छ । गहन पर्यावरण यही अन्तर्निभरताको अध्ययन हो । त्यसैले मानवेतर प्राणीप्रतिको मानवको असहिष्णु व्यवहार आफ्नै अन्त्य निम्त्याउने सङ्केत हो भन्ने मत छ । “जलवायु परिवर्तनलाई हामीले साविकको हावापानी, ऋतु र मौसम सबैलाई परिवर्तन गर्ने प्राकृतिक शक्तिका रूपमा बुझ्नुपर्छ । मानव जातिले पृथ्वीलाई पुऱ्याएको हानी नोक्सानीका करण पृथ्वीको कोप (रिस) बाट अनेकौं प्रकोप सृजना हुन थालेको छ । जलवायु परिवर्तन त्यही प्रकोप हो” (श्रेष्ठ, २०७८, पृ.२८) ले पनि मानव र मानवेतर जैविक तथा अजैविक अस्तित्वका बिचको अन्तर्निभरता पुष्टि गरेको छ । कुनै पनि जीवको शारीरिक संरचना र अस्तित्व भनेको पर्यावरणमा उपलब्ध ऊर्जाको रूपान्तरण तथा त्यसको जैविक निर्मिति मात्र हो । मानवले आफ्नो अस्तित्वलाई बलशाली र प्रकृतिमाथिको नियामक तथा असीमित शक्तिले युक्त ठानेको छ तर पर्यावरणका हरेक प्राणीका आफ्नै जैविक सम्प्रेषण एवम् जीवनबोध हुन्छ । “...तर चरा, जनावरको भाषालाई मानवका शब्द वाक्यमार्फत व्याख्या गर्न असम्भव छ ।...बिम्बलाई बुझ्न दिमागी कसरतले पुग्दैन । मनले नै छाम्नु पर्छ । ...त्यस्ता कुरा पनि सुन्नुहुनेछ जुन बोल्दा मानव निर्मित नियम कानुनले घाँटी अठ्याउँछन्” (पृ.२६) बाट पनि मानवेतर पर्यावरणको जैविक प्रणाली तथा तिनको जीवनबोध पृथक् रहेको प्रस्ट हुन्छ । मानवलाई आफ्ना गतिविधिमाथि आलोचनात्मक दृष्टि राख्ने क्षमता अन्य कुनै मानवेतर जैविक अस्तित्वमा छैन भन्ने अज्ञानता मात्र छ तर वास्तविकता त्यस्तो होइन किनभने सम्प्रेषणका प्रणाली र अनुभूति बोधको क्षमता मानवमा नहुनु मात्रको भिन्नता हो ।

संवेग र संवेदना जैविक संरचना प्रणाली भएका सबैको पहिचान हो । मानवेतर पर्यावरणका विशिष्ट जीव एवम् वनस्पतिमा संवेदनका आफ्नै अनुभव तथा भूमिका रहेका हुन्छन् । मान्छेका ज्ञानात्मक धारणा निर्माणका सीमाले यस्ता संवेदना पहिचान गर्न नसक्नु फरक विषय हो । “अघि मैले नागरानीसँग पिरती गर्ने डोब्रे सर्प बारे भनिनँ ? त्यो सर्प उड्न सक्थ्यो रे !...अनि किन नागरानीले डोब्रेलाई छानी त ? डोब्रे उडेको देखेपछि नागरानी पनि डोब्रेसँगै उडेको थ्यो रे” (पृ.३४) जस्ता विशिष्ट गुण भएका विपरीतलिङ्गीले प्रेमका दृष्टिले व्यवहार गर्ने स्वभाव मानवेतर प्राणीमा पाइन्छ । वास्तवमा यौनिक चाहनामा आधारित प्रेम विपरीत गुण र अस्तित्वको संवहन तथा विशेष आकर्षण नै हो । “प्रेम आकस्मिक रूपमा जागृत हुने भावना नै त हो तर यो अनियमित हुँदैन । यो विपरीत विद्युतीय भार भएका ऋणात्मक तथा धनात्मक शक्तिका बीच परस्पर आकर्षण पैदा भएजस्तै...ऋणात्मकता र धनात्मकताले हुने आकर्षण आकस्मिक क्रिया हो” (घर्ती, २०७९, पृ.६) यस्तो मान्यता मानवमा मात्र नभई मानवेतर प्राणी जगत्मा पनि हुने र अनुभव गरिने व्यवहार हो । त्यसैले नागरानी डोब्रे नागसँगको संसर्ग तथा निकटतामा आसक्त बनेकी छ । पर्यावरणमा मानवको जस्तो जीवनशैली र जीवनबोध अन्य प्राणीमा पनि हुन्छ तथा तिनका जैविक क्रमलाई स्वतन्त्र मूल्य दिनुपर्छ भन्ने मतको आख्यानीकरणका रूपमा यसलाई व्याख्या गर्न सकिन्छ । मानवेतर प्रजातिका आरम्भिक विभाग र तिनको पर्याचक्रीय रूपान्तर हुन्छन् । कुनै जीवको शरीर बनोट र सोअनुसारको गुण लामो समय अन्तरालामा देखा परेको विशिष्ट क्षमता हो । यसलाई कसैले क्षणिक आवेग, संवेग र रहरका बलमा परिवर्तन गर्न सक्तैन । पक्षीका प्रजातिका सन्दर्भम पनि यो लागू हुन्छ । त्यसैले काली हँसिनी र लहडे हाँसका बीच प्रेम सम्बन्ध छ र सँगै जीवनयापन गर्ने लहडे हाँसको प्रस्ताव नमिल्ने एवम् सम्भव नहुने अवस्था

सृजना भएको छ । हुनलाई दुवै पक्षी हुन् । यी दुईका बीच प्रेम र शरीर संसर्ग पनि सम्भव छ तर लहडेको प्रजाति पानीमा तैरिने पौडिने क्षमतामा लामो समय अन्तरालले पुगेको हो भने काली हँसिनी उड्ने र गगन विचरण गर्ने क्षमतामा लामो समय अन्तरालको परिणाम हो । "तिमी घरपालुवाहरूलाई मात्र सबैथोक त्यही चाहिन्छ । त्यही दह, त्यही सीमसार र त्यही पुराना साथी । हाम्रो निम्ति त जीवन लगातार परिवर्तन भइरहन्छ । अहिलेलाई यही टौदह, यही सिमसार यही टापु..." (पृ. ३६) ले हरेक जैविक प्रजाति आफ्नै पर्यावरणीय खोपी (ecological nic)मा अभ्यस्त हुन्छ र त्यो नै उसको जैविक गुणको सार्थकता एवम् निरन्तरता भन्ने मान्यता पुष्टि गरेको छ ।

मानवेतर जैविक पर्यावरणमा पनि प्रजातिगत स्वभाव, विश्वास, आग्रह र साझा मान्यता विकसित भएका छन् । तिनलाई सनातन परिचय, आस्था र प्रजातिगत विशिष्ट पहिचान प्यारो छ । त्यसैले मानव निर्मित पर्यावरणमा मान्छेका प्रतिशोध, घमण्ड, अहङ्कार, बदलाको भावनाजस्ता संवेगका विविधता भएजस्तै मानवेतर जैविक पर्यावरणमा पनि पाइन्छ । पृथ्वी मान्छेका सीमाहीन शक्ति र सामथ्र्यको अभ्यास गर्ने थलो ठानिए तापनि यो भ्रम हो । जति मानिसले आफूलाई केन्द्रमा राखेर सोचेको हुन्छ । त्यति नै मानवेतर जैविक अस्तित्वले पनि आफ्ना जैविक प्रणाली र तत्जन्य स्वभावलाई माया जगेर्ना गरेका हुन्छन् । त्यसैले तिनका जैविक विशिष्टता नै अन्तिम सत्य र जीवनबोधका आधार बनेका हुन्छन् ।

> ...तिमी नजाऊ न उनीहरूसँग । सँगै यसै सिमसारमा बासौंला । म बिस्तारै उड्न पनि सिक्नेछु । ....म हुनु अर्थ उड्नुमै छ । उड्न पाइन भने म नै रहने छैन । यहाँ बसें भने म बिस्तारै उड्न बिर्सँदै जानेछु ।....त्यसपछि म पनि घरपालुवा हँसिनी हुनेछु तर म तिमीलाई त्यसबेला पनि यसरी नै माया गर्ने छु ।....उसले हँसिनीका आँखामा हेर्न सकेन । मनको पीडा लुकाएर पानीतिर हेर्दै बोल्यो–हुन्छ । जाऊ प्रिय ! उड्दै आफ्नै बथानसँगै । (उप्रेती, २०७६, पृ.१६०–१६१)

क्षणिक आकर्षण र जैविक गुण एवम् प्रकृति अनुसारको जीवनशैली फरक विषय हो । लहडे हाँस र काली हँसिनी मानवेतर जैविक प्रजातिका विशिष्ट उब्जा हुन् । यिनका अतिरिक्त अन्य जीवका पनि आफ्नै जीवनबोध र अभ्यास छन् । जीवन केवल मानव मात्रको विषय होइन । मानवेतर प्राणीका पनि अनुभूति, संवेदना, डाह, अहङ्कार तथा तुल्यताका विविधता हुन्छन् । तिनको भाषा र जीवनको मर्म बोध गर्ने गहिरो पर्याचेतना आजको अवश्यकता हो भन्ने विचार आख्यानीकरण भएको देखिन्छ ।

**आदर्श केन्द्रित रुढि**

मानव समाज जैविक चक्रलाई निश्चित आदर्श वा अदृश्य शक्तिमा जोडेर आफ्ना सीमा तथा कमजोरीको पक्षपोषण गर्दै चलेको छ । त्यस्तो कल्पित आदर्श सत्तालाई दैवको लीला, भगवानको खेल, प्रभुको कृपा वा मानवका प्रजातिगत सनातन आस्था अनुरूपमा भाषिक बिम्ब दिइएको छ । वास्तवमा कुनै जीवको जैविक चक्र आरम्भ वा अन्त्य भनेको ऊर्जाको स्थानान्तरण मात्र हो । पर्याचक्रमा रहेका अजैविकबाट जैविकले ऊर्जा प्राप्त गर्ने, जैविकमा पनि ससाना कीट प्रजाति त्यसको पहिलो ऊर्जा ग्रहण गर्ने वर्गमा रहने, त्यस्ता कीट प्रजातिको सङ्ख्या अधिक हुने तर ऊर्जाको स्रोतका रूपमा अधिक प्रयोग हुने र एवम् रीतले विशालकाय हुने जलचर तथा स्थालचरले ऊर्जा ग्रहण गरेर पर्याचक्र सञ्चालन भएको हुन्छ । यसमा कुनै देवता, प्रभु वा ईश्वरको कृपा तथा खेलको प्रश्न नै रहन्न । जीवले आफ्नो अस्तित्वको अदृश्य अवस्थालाई देवता वा ईवरको काल्पनिकतामा जोडको मात्र हो । वास्तवमा ऊर्जाको रूपान्तरण र जैविक वा अजैविकको संरचना प्रणालीको विलयन मात्र हो । "अनुष्ठान (रिचुअल) एक प्रकारको त्यस्तो सामूहिक कार्य हो, जसमार्फत् समाजले यसका सदस्य (व्यक्ति) को तहभन्दा माथि ज्ञानातीत शक्तिको उत्सव मनाउन सक्तछन् वा त्यस्तो सामूहिक अनुभूति गर्न सक्तछन्" (ढकाल, २०७९, पृ.क) ले समाजमा अदृश्य ईश्वरीय सत्ता र त्यसप्रतिको आस्था संस्थागत हुने अवस्था पुष्टि गर्छ । मानव समाजमा जस्तै मानवेतर समाजमा पनि यस प्रकारको आस्थाले संस्थागत स्वरूप प्राप्त गरेका हुन्छन् तर तिनको अनुभूति तथा सम्प्रेषण बोध नहुनु बेग्लै कुरा हो भन्ने मान्यता गहन पर्यावरणमा राखिन्छ । "खासमा मानव समुदायको धर्मप्रतिको आस्था र विश्वास सधैं उस्तै थिएन । सुदूर विगतमा मन्छेलाई अहिलेझैं यस्तो गर्न हुन्छ/यस्तो गर्न

हुँदैन भनेर मान्छेलाई नैतिक नियन्त्रण र निर्देशन गर्ने देउता/धर्म थिएन" (ढकाल, २०७९, पृ.क) भनी अदृश्य शक्तिको स्थानलाई सम्मान गरिएको तर त्यो ईश्वरका नाम, नामकरण, मूर्ति तथा भौतिक प्रतीकमा अनुवाद भएको अवस्था थिएन।

*हंस* उपन्यासको मानव तथा मानवेतर पर्यावरण दुवैमा सनातन रुढि प्रभावित विश्वास र व्यवहार विकसित भएको छ। मानव समाज र पर्यावराणमा जैविक अस्तित्वको अन्त्यसँगै तयार भएका आदर्शले संस्थागत स्वरूप प्राप्त गरेको अवस्था छ भने मानवेतर जैविक प्रजातिमा पनि समान धारणा र विश्वासलाई आत्मसात् गरिएको छ। लहडे हाँसका साथीले दिनहुँ जस्तो खोरमा हाँस जात्रा मनाइरहेका छन्। अलप वा अदृश्य भएको साथीको भौतिक/जैविक स्वरूपको अनुपस्थितिलाई अथ्र्याउने हाँस प्रजातिको दृष्टिकोण मानव समाजमा प्रचलित दैवी शक्तिको तुल्यमा आधारित छ। मानवेतर प्रजातिका पनि आफ्नै सनातन विश्वास र रुढि छन् भन्ने हेतुले यसमा राखिएको छ।

> हाँस जात्राको समय आएको छ। आज फेरि हाम्रा दुई साथीलाई हाँसद्यौताले बोलाएका छन्। लौ भन साथी हो कस्तो छ हाँसद्यौताको क्वाँक स्थान ? हाँस द्यौता पौडने त्यो आकाशपारिको दह ?... कस्तो छ द्यौता हाँसको दहको पानी ?...टौदहको सिमसारभन्दा धेरै मनोरम। त्यहाँ रसिला गडयौलाहरू लस्की रहन्छन्। स्वादिला कीरा फट्याङ्ग्राहरू हिलोमा सलबलाइरहन्छन्। (उप्रेती, २०७६, पृ.१९)

कुनै हाँसको अकस्मात अनुपस्थितिलाई दैवीलोक गमन वा देवताको प्रिय भयो भयो भन्ने ठान्नु आदर्श सत्ता प्रतिको आस्था हो। मानवेतर जैविक समाजले मत्युलाई अकस्मात अलप भएको र त्यस्तो समाश्र्य देवताको शक्ति वा निकटतामा रहेकाले मात्र प्राप्त गर्न सक्तछन् भन्ने रुढि आत्मसात् गरेका छन्। अकस्मात कुनै हाँसको लोप हुनु भनेको मान्छेले नदेख्ने गरी काटेको भन्ने रहस्य काका हाँसलाई बोध भएका छ। त्यसैले "काका यस्ता हर्षबढाइँमा सामेल हुँदैनथे। जात्रा चल्दाचल्दै टाँड छोडेर दहतिर हिँडिदिन्थे" (पृ.२१) मानवेतर जैविक जगत् मान्छेका दोहन र अधीनस्थताले आक्रान्त छ। यसको प्रतिवाद बलपूर्वक ती प्रजातिले गर्न नसके तापनि अन्तत : चक्रीय प्रणालीमा आउने परिवर्तन र त्यसको दीर्घकालीन परिणामस्वरूप मान्छेले फल भोग्नु पर्ने गहन पर्यावरणीय चासो व्यक्त भएको देखिन्छ।

पर्यावरणमा रहेका प्राय : जीवले आफ्नो जीवनका कष्टकर क्षण र विकल्पको बाटो यकिन गर्न नसकेको अवस्थामा अलौकिक जगत् तथा त्यससँगका सम्बन्धबाट सन्तुष्ट बनाउने उपाय रच्दा छन्। हाँसजात्रा पछिको सत्य र मानवले मृत्युपर्यन्तको लोकका बारेमा बनाएका काल्पनिक सङ्कथन यसैका परिणाम हुन्। हाँस जातिको रक्षाका निम्ति हाँस द्यौताले मानको सृजना गरेका हुन्। त्यसैले मानवबाट हाँस जातिलाई कुनै खतरा हुन्न भन्ने काल्पनिकता काका हाँसले टौदहको गहिराइमा पुगेर इतिहासको अध्ययन गरेपछि खण्डित भएको छ। "तिमी साँच्चै सुन्न चाहन्छौ, हराएका हाँसहरू कहाँ जाँदा रहेछन् ?...तिनलाई त मानिसले काट्ता पो रहेछन्। ...भनी हालें नि, ती सबै क्वैंक कथा हुन् भनेर। कुहिएर गन्हाएको गँड्यौलाजस्तो सत्यको सामना गर्न नचाहनेले बनाएका रसिला कथाहरू (पृ.१६८)" ले मानवेतर जैविक पर्यावणमा पनि मानवका जस्तै कमजोर मानोविज्ञानले तयार गरेको आदर्श एवम् दैवी सत्ता रहेको पुष्टि गर्छ। सामान्यतया मानवेतर जैविक पर्यावरणका प्रजातिमा कुनै विश्वास वा सङ्कथन हुन्न होला भन्ने ठानिन्छ तर तिनको संसारलाई बोध क्षमता विकास गरेर मनन गर्दा यो मानवकै तुल्य छ भन्ने निचोड प्राप्त हुन्छ। गहन पर्यावरणीय चेतनाको नाटकीकरण गर्ने हेतु यसमा पुष्टि हुन्छ। कमजोर र निरूपाय भएपछि बन्ने यस्ता सङ्कथन मानव निर्मित पर्यावरणमा पनि प्राप्त हुन्छ। "बच्चा तिम्री बहिनी शिवजीकी ठुली भक्तिनी हुन्। कलियुगमा भक्तभक्तिनीलाई सारै गारो हुन्छ। ...उसलाई चराझै मुक्त भएर उड्न सिकाउनु।...वर्षौंसम्म अर्काका हिसाब मिलाएपछि मामाले राम्ररी बुझे, यो संसार गणितले चल्छ भक्तिले होइन" (पृ.४७) भनेर कमजोर आर्थिक अवस्थामा शारीरिक तथा मानसिक उत्पीडनको सिकार हुनु परेको तर यसको विपरीत मुक्तिको मार्गमा चल्ने दिन आउने कल्पना गरिएको विपर्यय प्रस्तुत छ। बाल्यकालमा नै दुःख निवारणका निम्ति देवताको अर्चना गर्नु पर्छ भन्ने भ्रम गाढिएका कारण सीमाकी आमालाई शिवपार्वतीको मूर्ति प्रिय लाग्ने र शिवलिङ्गको दर्शन वर्षौंदेखि गरेको सन्दर्भ छ (पृ.४५)। मनव र मानवेतर जैविक संसार समान प्रकृतिका आदर्श विश्वासमा अडिएको छ भने कमाजोरीका समानता पनि छन्। यसमा मानवलाई प्रकृतिको शक्तिशाली सृजना र अन्य प्रजातिलाई अधीनस्थता कायम गर्न सक्ने क्षमता छ भन्ने गलत सङ्कथनको खण्डन भएको छ। मानव पनि पर्यावरणको अंश हो। यति मात्र उसको स्थान र वशको विषय हो।

**निष्कर्ष**

सञ्जीव उप्रेतीको *हंस* (२०७६) नेपाली आख्यानको उपविधा उपन्यासको क्षेत्रमा पृथक् विषयवस्तु र प्रस्तुतिका कारण महत्त्वपूर्ण कृति हो । मानिस प्रकृतिसँगको अन्तरसम्बन्धका कारण अस्तित्वमा रहने जीव हो । प्रकृतिमा जैविक तथा अजैविक अस्तित्व छन् र तिनको प्रत्यक्ष वा परोक्ष सहसम्बन्धका कारण मानिसको जीवन सम्भव छ । यसको अर्थ मानिस एक्लै परिपूर्ण र उसको सत्ता स्वायत्त रूपले सुरक्षित छ भन्नु मूर्खता मात्र हो । यही विचारलाई आख्यानको वस्तुका रूपमा उप्रेतीले संयोजन गरेका हुन् । मानवले आफ्ना साझा व्यवहार र विश्वासलाई भाषाका माध्यमद्वारा सम्प्रेषणीय एवम् प्रसारको विषय बनाएको छ । त्यसैले मानवका वाङ्मय अभिरुचि एवम् चासोको क्षेत्र बनेको हो तर के मानवेतर प्राणीमा त्यो हुन्न भन्ने प्राक्कल्पनाका कोणबाट यस उपन्यासको सङ्कथनात्मक अलङ्करण तयार भएको छ । आज मानव भूमण्डलीकरणका कारण मौलिक जीवन तथा सांस्कृतिक अभ्यासबाट अलग बनेको छ । पुँजीवादले मानवको जैविक स्वायत्तता तथा प्रजातिगत विशिष्टता विलिन गराउन पुगेको छ भने संस्कृतिमा सङ्करीकरण प्रवेश भएको छ । यसले मानवलाई आफ्ना ऐतिहासिक मौलिकताविहीन अवस्थामा पुऱ्याएको छ । यस विचारलाई उप्रेतीले मानव निर्मित पर्यावरणका कोणबाट प्रस्तुत गरेका छन् । त्यसैगरी मानवेतर पार्यावरणलाई गहन पर्यावरणीय चिन्तनका कोणबाट प्रस्तुत गरिएको छ । मानवले आफ्नो जीवनशैलीलाई भाषाका कारण सम्प्रेषणीय बनाए जस्तै अन्य जैविक प्रजातिले पनि बनाएका हुन्छन् । तिनका पनि संवेग, पुरातन विश्वास र कमजोर मनस्थितिलाई विकल्प दिने आदर्श (दैवी) सङ्कथन हुन्छन् । पर्यावरणीय खोपीको मान्यताअनुसार तिनका गुण पनि लामो समयदेखि प्रकृतिले सृजना गरेका औषत मूल्य र त्यसले शरीररचनामा पारेको प्रभावअनुरूप मात्र हुन्छ । रहर वा तात्कालिकताका भरमा कुनै मानवेतर जैविक प्रजातिले आफ्नो वासस्थानभन्दा फरक अस्तित्व प्राप्त गर्न सक्तैनन् किनभने हरेक प्रजाति प्रकृतिको दीर्घतर निर्माण हो । यसरी मानव र मानवेतर जैविक प्रजातिका स्वायत्त अस्तित्व, आदर्श सत्ता (ईश्वर, देवता) र  व्यवहारको आलोचनात्मक प्रतिक्रियालाई यस उपन्यासमा अलङ्कृत गरिएको देखिन्छ ।

**सन्दर्भ सामग्रीसूची**


उप्रेती, सञ्जीव (२०७८), *सिद्धान्तका कुरा*, पाँचौं संस्क., बुक हिल पब्लिकेसन ।

उप्रेती, सञ्जीव (२०७६), *हंस*, बुक हिल पब्लिकेसन ।

एटम, नेत्र (२०७०), *अन्तर्विषयक नेपाली समालोचना*, एकता बुक डिस्टिब्युटर्स प्रा.लि.।

घर्ती, दुर्गाबहादुर (२०७९), “प्रेमको आदर्श गाथा”, *मधुपर्क* (५५,१०,६४१), पृ.६–९ ।

ढकाल, सुरेश (२०७९),“मान्छेले देउता बनाए कि देउताले मान्छे ?” *कान्तिपुर* (असोज–८), पृ.क ।

ढकाल, दीपकप्रसाद (सन् २०२२), “जिरो कटेज उपन्यासमा पर्यावरणीय सङ्कट”, *त्रिभुवन युनिभर्सिटी जर्नल*, (३७,१), पृ.९९–११० ।

त्रिपाठी, गीता (सन् २०१८), “गहन पर्यावरणको सैद्धान्तिक अवधारणा”, *त्रिभुवन युनिभर्सिटी जर्नल*, (३२,२), पृ.२८१–२९४ ।

पोखरेल, गोकुल (२०७५/७६) “सीमसारका राजदूत काव्यमा मान्छे र पर्यावरणबिचको सम्बन्ध”, *प्रज्ञा* १(११७) पृ.८२–९१ ।

भट्टराई, गोविन्दराज (२०६४), *उत्तरआधुनिक विमर्श*, मोर्डन बुक्स ।

भट्टराई गोविन्दराज र विजय हितान (२०८०), *पर्या साहित्य सिद्धान्त र सिर्जना*, सम्पूर्ण किताब ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६९), *नेपाली उपन्यासको इतिहास*, नेपाल प्रज्ञा–प्रतिष्ठान ।

श्रेष्ठ, तीर्थबहादुर (२०७८), “विश्वव्यापी चिन्ता”, *कान्तिपुर जलवायु परिवर्तन विशेष*, (फागुन ७), पृ.१–४० ।

शर्मा,जनकलाल (२०७७), *हाम्रो समाज : एक अध्ययन*, पाँचौं संस्क.,साझा प्रकाशन ।

Rigby, Kate (A.D. 2007), "ecocritism" Julian Wolfreys, *Introducing Criticism at 21 century*, p.151–178